# पाठ्यक्रम विकासमा सिकाइ सिद्धान्तको प्रभाव

ठाकुर प्रसाद रसाइली
उप-प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा
email: thakur.raisaily123@gmail.com

**लेखसार**

यस अध्ययनको मुख्य उद्देश्य पाठ्यक्रम विकासमा सिकाइ सिद्धान्तले पार्ने अवधारणात्मक प्रभावको विश्लेषण गर्नु रहेको छ । विश्लेषण गर्न गुणात्मक ढाँचा र सूचनाका सहायक स्रोतहरूको प्रयोग गरिएको छ । प्रभावको विश्लेषणलाई पाठ्यक्रमको मुख्य ढाँचा, विषयकेन्द्रित ढाँचालाई संज्ञानात्मक सिकाइ सिद्धान्त वा संज्ञानवाद र सिकारु/बालकेन्द्रित ढाँचालाई व्यवहारवादी सिकाइ सिद्धान्त वा व्यवहारवादसँग परिसीमित गरी एक अर्काको मिल्दो प्रकृतिका आधारमा उल्लेख गरिएको छ जसअनुसार संज्ञानवाद मानसिक चिन्तन प्रक्रिया, बौद्धिक योग्यता र सिपको विकास गर्ने क्रियाकलापको अभ्यासद्वारा विभिन्न तथ्य, घटना र वस्तुको बारेमा जानकारी लिने क्षेत्रसँग सम्बन्धित रहन्छ । यसले मानसिक चिन्तन र तर्क जस्ता ज्ञानात्मक प्रक्रियाको परिणामलाई सिकाइ भन्दछ । यसै आधारमा विषय केन्द्रित पाठ्यक्रमको ढाँचालाई संज्ञानात्मक प्रक्रियाको रूपमा अर्थ्याइएको पाइन्छ किनकि विभिन्न विषयकेन्द्रित पाठ्यक्रमले सिकाइको विषयगत विस्तृत ज्ञानात्मक निपूर्णतामा जोड दिई मानसिक तथा बौद्धिक सिप र क्षमताका चरणहरूको विकास गर्ने उद्देश्य राखेको हुन्छ । यस ढाँचाले शिक्षण सिकाइमा मानसिक क्रियाकलापलाई जोड दिने गरी औपचारिक विधिहरूलाई अपनाउँछ भने तार्किक क्रम र क्षेत्रअनुसार संगठित गरी विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । त्यसै गरी व्यवहारवाद एक वस्तुवादी धारणा भएकोले यसले पर्याप्त भौतिक अनुभवहरू प्रदान गरी सिकारुको ज्ञानलाई विकास गर्ने कुरामा विश्वास गर्दछ । सिकाइ उद्दीपक र प्रतिक्रियाको निकटता र सम्बन्धको अभ्यासको प्रतिफल हो भन्ने मानिन्छ । यसले सिकाइ प्रक्रियालाई अवलोकनयोग्य बाह्य व्यवहारको परिवर्तनको रूपमा व्याख्या गर्दछ । यसै आधारमा हेर्दा बालकेन्द्रित पाठ्यक्रम ढाँचा अनुभव तथा क्रियाकलापकेन्द्रित रहेको पाइन्छ । यस पाठ्यक्रममा विद्यार्थी आफैँ भौतिक र सामाजिक आवश्यकता पूरा गर्न शारीरिक, मानसिक तथा सृजनात्मक र समस्या समाधान गर्ने क्षमता विकास गर्ने खालका क्रियाकलापहरूमा सक्रिय सहभागिता गराई ठिक सिकाइ अनुभव प्राप्त गर्ने उद्देश्य राखिएको हुन्छ । यस पाठ्यक्रममा भौतिक जगतको प्रत्यक्ष अनुभव गरेर विद्यार्थीले आफ्नो ज्ञान निर्माण गर्ने खालका व्यापक विषयवस्तुहरू समावेश गरिनु पर्नेमा जोड दिइन्छ । यसमा बालमनोविज्ञानमा आधारित रही बालकेन्द्रित शिक्षण विधिहरू तथा रुचिप्रेरित शैक्षिक सामग्रीहरूको प्रभावकारी प्रयोग गरिन्छ ।

***मुख्य शब्दावली*** : पाठ्यक्रम, सिकाइ, संज्ञानवाद, व्यवहारवाद, प्रभाव, उद्दीपक, प्रतिक्रिया, प्रत्यक्षीकरण, अन्तरदृष्टि, शिक्षा मनोविज्ञान, विषयकेन्द्रित, बाल/सिकारुकेन्द्रित

## परिचय

पाठ्यक्रम औपचारिक सिकाइको आधार हो भने सिकाइ सिद्धान्त पाठ्यक्रम योजना र विकासको मार्गदर्शन हो । पाठ्यक्रम अथवा Curriculum शब्द ल्याटिन भाषाको Currere शब्दबाट आएको हो, जसको अर्थ To run or Race Course भन्ने हुन्छ । भनिन्छ, पाठ्यक्रम त्यो बाटो हो जसमा दौडिएर विद्यार्थी आफ्नो लक्षमा पुग्न सक्छ (जवरा, २०७४, पृ. २) । पाठ्यक्रम शिक्षाको लक्ष्य प्राप्तिको प्रक्रियासँग जोडिएको हुँदा शिक्षाको शब्दकोश अनुसार- “पाठ्यक्रम भन्नाले शिक्षाको उद्देश्य, लक्ष्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण स्रोत तथा मूल्याङ्कनका साधनहरूको व्यवस्था भन्ने बुझिन्छ, जुन विद्यालय भित्र र बाहिर शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजनाको रूपमा लागु गरिएको हुन्छ ।” त्यसै गरी शिक्षाशास्त्री हिल्डा टाबाका अनुसार- “विद्यालयभित्र र बाहिर विद्यार्थीको ऐच्छिक उपलब्धिहरू हाँसिल गराउन गरिने सम्पूर्ण सिकाइको योजनालाई पाठ्यक्रम भनिन्छ” । Curriculum शब्दको सबैभन्दा पहिले औपचारिक रूपमा प्रयोग गर्ने व्यक्ति फ्र्याङ्कलिन बबिट हुन् जसले सन् १९१८ मा "Curriculum Theory" नामक पुस्तक लेखेका थिए (जवरा, २०७४, पृ. २) ।

ग्रिसेली दार्शनिक प्लेटोबाट नै पाठ्यक्रमप्रतिको धारणाको सुरुवात भएको हो । प्राचीन तथा परम्परागत धारणा अनुसार हेर्दा विषयवस्तुको सूची वा पाठ्यांशलाई नै पाठ्यक्रमका रूपमा लिइएको देखिन्छ । यस्ता पाठ्यवस्तु (पाठ्यक्रम) ले मानसिक एवं बौद्धिक प्रक्रियामा जोड दिई सिकारुको खाली दिमागमा ज्ञानको भण्डारण गर्नु पर्ने दृष्टिकोण राखेको हुन्छ । यस्ता विषयवस्तु बढी ज्ञानात्मक तथा सैद्धान्तिक प्रकृतिका हुनाले त्यसलाई सङ्कुचित अर्थको पाठ्यक्रमका रूपमा हेरिने गरिन्छ । शिक्षाको विकाससँगै पाठ्यक्रमसम्बन्धी “के सिक्ने” भन्ने सङ्कुचित धारणामा विस्तार हुँदै “किन र कसरी सिक्ने” भन्ने प्रश्न आत्मसात् गर्दा पाठ्यक्रमको आधुनिक अवधारणा विकास भयो । यस अवधारणाले व्यावहारिक जीवनसँग पूर्ण रूपमा सम्बन्ध राख्ने सम्पूर्ण क्रियाकलाप (अनुभव) हरूको संगठित रूप नै पाठ्यक्रम हो भन्ने दृष्टिकोणलाई जोड दियो । अतः आधुनिक दृष्टिकोण वा व्यापक अर्थको आधारमा हेर्दा पाठ्यक्रम भनेको शैक्षिक कार्यक्रमको एक बृहत् योजना हो जसमा बालबालिकाहरूलाई उचित ज्ञान सिप र धारणा प्रदान गरी उनीहरूको सर्वाङ्गीण विकास गराउने लक्ष राखेको हुन्छ । त्यसैले पाठ्यक्रमलाई शैक्षिक कार्यक्रमको संगठित र योजनाबद्ध रूप मानिन्छ जसले सम्पूर्ण शैक्षिक कार्यक्रमलाई नै निश्चित मार्गदर्शन र दिशाबोध गर्दछ ।

पाठ्यक्रमको विकास तथा कार्यान्वयन प्रक्रियालाई सिकारुको मनोविज्ञानसँग जोडेर शिक्षा प्रदान गर्ने पद्धति शिक्षा मनोविज्ञान हो । शिक्षा मनोविज्ञानको महत्त्वपूर्ण अंश सिकाइ सिद्धान्त हो । यसले बालकको विकासात्मक अवस्थाअनुसार कतिसम्म र कसरी सिक्छन् भन्ने कुरामा व्यक्ति र सिकाइबिचमा सम्बन्ध स्थापित गर्दछ । सिकाइ सिद्धान्तले मानव र उसको सिकाइ व्यवहार अथवा सिकारुको स्वभाव, विकास प्रक्रिया, सिकाइ प्रक्रिया तथा स्वरूपको बारेमा ज्ञान दिन्छ । मुख्य सिकाइ सिद्धान्तले सिकाइ के हो ? यो कसरी सम्भव छ ? यसलाई प्रभाव पार्ने तत्त्वहरू के के हुन् ? सिकाइलाई मानसिक वा वातावरणीय कुन प्रक्रियाका रूपमा लिने ? जस्ता महत्वपूर्ण पक्षहरूमा स्पष्ट रूपमा व्याख्या गरेका छन् । अतः सिकाइ प्रक्रियाका सम्बन्धमा प्रयोग सिद्ध भएका तथ्यहरू नै सिकाइ सिद्धान्त हुन् ।

मानव सभ्यताको विकासक्रम सँगसँगै कुनै न कुनै रूपमा सिक्ने र सिकाउने कार्यको थालनी भएको पाइन्छ । यसै क्रममा शिक्षा लिने र दिने प्रक्रियाको परिवर्तन स्वरूप औपचारिक शिक्षाको सुरुवातसँगै शिक्षा मनोविज्ञान वा सिकाइ सिद्धान्तको अवधारणा अगाडि आयो जुन मानिस र उसको व्यवहारको धारणामा आधारित छन् । मानिस वा सिकारुको प्रकृतिलाई कस्तो रूपमा हेर्ने भन्ने आधारमा सिकाइका सिद्धान्त विकास भएको पाइन्छ । आजसम्म सिकाइ प्रक्रियाका सम्बन्धमा जति पनि सिद्धान्तहरू विकास भएका छन् तिनीहरूलाई केलाउँदा मानव सिकाइ व्यवहारप्रति हेर्ने दुई वटा महत्वपूर्ण दृष्टिकोणहरू देखिन्छन् जसमा पहिलो दृष्टिकोण हो- मन/मस्तिष्कसँग सम्बन्धित सिकाइ सिद्धान्त जसलाई संज्ञानवादबाट चिन्न सकिन्छ र दोस्रो हो- शक्ति प्रणालीसँग सम्बन्धित सिकाइ सिद्धान्त जसलाई व्यवहारवादबाट चिन्न सकिन्छ (भट्टराई, २०७४, पृ. २२) ।

संज्ञानवाद अनुसार बालबालिकाहरूका मस्तिष्क सुरूमा खाली नभई एक किसिमको ढाँचा वा LAD (Language Aquisition Device) ले भरिएको हुन्छ (Noamchomsky, मण्डल, २०७४, पृ. ३० बाट उद्धृत्) । यस सिद्धान्तले मानसिक दिमागलाई विभिन्न क्षमताहरूको भण्डार मान्दै सिकाइका लागि मानव मस्तिष्कमा सम्झने कल्पना गर्ने, चिन्तन गर्ने, स्मरण गर्ने, तर्क गर्ने जस्ता क्षमताहरू हुन्छन् जसलाई मानसिक अभ्यासद्वारा विकास र प्रस्फुटन गर्न सकिन्छ । यसलाई दिमागी सिद्धान्त पनि भनिन्छ । यस अनुसार देखापरेका सिकाइ सिद्धान्तलाई मानसिक विधाको सिद्धान्त वा विभागीय मनोविज्ञान भनिन्छ । यस दृष्टिकोण अन्तर्गत प्रतिपादित सिद्धान्तहरू न्यास्नलिज्म्, जेनरटिज्म् र मेटालिज्म् हुन् । यिनीहरूले विषयवस्तुको तार्किक क्रमलाई बढी जोड दिने हुँदा गणित, भाषा जस्ता विषयलाई मानसिक प्रशिक्षणका लागि बढी महत्व दिइएको छ । सिकाइ सिद्धान्तको क्षेत्रमा प्रतिपादित यो पुरानो सिद्धान्त हो । प्लेटो, एरिस्टोटल, एक्वीनस, जोन लक, पेस्तालोजी, आदिको यो सिद्धान्तको विकासमा योगदान छ (भट्टराई, २०७४, पृ. २२) ।

व्यवहारवाद अनुसार मानिस एक ऊर्जा पद्धति हो । यो गतिशील शक्तिहरूको प्रणाली हो । यस प्रणालीमा ज्ञानेन्द्रीयमार्फत अन्तरक्रिया हुने अन्य ऊर्जा पद्धतिको प्रक्रियासँग सन्तुलनको प्रयास गरिन्छ । यस अनुसार व्यावहारिक सिप र योग्यता प्राप्ति सिकाइका लागि शरीरका स्नायु, मांसपेशी र विभिन्न अंगहरूबिच समन्वय र सन्तुलन कायम हुनका साथै बारम्बारता (गति), सामर्थ्य (शक्ति) र समयावधिको खाँचो पर्दछ । यस दृष्टिकोणले शारीरिक र क्रियात्मक सिपलाई मुख्य विषयवस्तु मानेको छ । यस अन्तर्गत प्रतिपादित भएका अनुभववादी अर्थात् प्रयोगवादी सिद्धान्त पर्दछन् (श्रेष्ठ, २०७४, पृ. ३१) । यस दृष्टिकोणले तालिम र व्यवहार निर्माणमा जोड दिने हुनाले सिकाइ भनेको व्यवहारहरूको प्रकाशन हो भन्ने मान्छन् । यस दृष्टिकोणले विशेष गरी सिकाइ प्रक्रियालाई अवलोकनयोग्य व्यवहार निर्माणमा जोड दिने हुनाले यसलाई व्यवहारवादी सिकाइ सिद्धान्त वा व्यवहारवाद भन्ने गरिन्छ । यस सिद्धान्तले उद्दीपक (स्टिमुलस) र प्रतिक्रिया (रेस्पोन्स) को संयोजनलाई सिकाइको आधार मान्दछ ।

## पृष्ठभूमि

मानव उत्पत्तिको चरणबाटै शिक्षाको उत्पत्ति र विकास भएको हो र यो सँगै पाठ्यक्रमको पनि । पाठ्यक्रमको विकासक्रमबाट नै सिकाइको प्रकृति र सिकाइको सिद्धान्तको सुरुवात भएको मान्नु पर्दछ । प्राचीन युगदेखि नै बिस्तारै-बिस्तारै घरपरिवार समाजले आफ्नै किसिमबाट शिक्षाको विकास गर्दै लगे । पहिलो ग्रिक दार्शनिक डेमोक्रिटसले घरायसी वातावरणले बच्चाको व्यक्तित्वमा प्रत्यक्ष प्रभाव पार्दछ भने । प्लेटो र एरिस्टोटलले ईसापूर्व चौथो शताब्दीमा “सिस्टम अफ एजुकेसन” को विकास गरी शिक्षाका थुप्रै-थुप्रै पक्षहरूको निर्माण गरी शिक्षा मनोविज्ञान र शिक्षाका सिद्धान्तहरूको विकास गरे । दार्शनिक एरिस्टोटलले मनोवैज्ञानिक धारणालाई दिमागको विभागीय सिद्धान्तको रूपमा विकास गरी यसलाई क्रमबद्ध र विस्तृत रूपमा प्रस्तुत गरे (शर्मा  तथा शर्मा, पृ. १३६) ।

सिकाइको सिद्धान्तको विकास र सिकाइको प्रकृतिको निर्धारण गर्नमा जर्मन प्राध्यापक हर्बर्ट र फ्रोबेलले शिक्षा मनोविज्ञानको विकासमा महत्वपूर्ण योगदान गरे उनीहरूले विभागीय सिद्धान्तको विपरित मनोविज्ञानका सिद्धान्तहरूको आधारमा शैक्षिक सुझावहरू प्रस्तुत गरे । उनीहरूले मानवीय विभाग व्यक्तिगत ढाँचाको हुन्छ र व्यक्तिगत विभिन्नता अनुसार गतिशील छ भनी व्याख्या गरे । दार्शनिक फ्रोवेलले शिक्षण विधिको विकास गरी किन्डरगार्टेन पद्धतिको सुरुवात गरे । यसले शिक्षाको सिद्धान्तलाई मानवीय व्यवहारको अध्ययनको पक्षमा निकै अघि बढायो । यस किसिमका सिद्धान्तले बालकेन्द्रित पाठ्क्रमको विकासमा सहयोग पुऱ्याए (पूर्ववत्, पृ. १३६) ।

सिकाइका सिद्धान्तहरूको वैज्ञानिकता वा आधुनिकता वास्तवमा अठारौँ शताब्दीको पछिल्लो दशकबाट मात्र सुरु भयो । यसमा विद्वान्हरू गाल्टन, स्टेन्ले हल र एबिङ्गसको महत्त्वपूर्ण र प्रथम योगदान देखिन्छ । उनीहरूले मानव व्यवहारका विविध पक्षहरूको व्याख्या गरी सिकाइको सिद्धान्तको समेत व्याख्या गरे । सन् १८९० मा विलिएम जेम्स्ले “मनोविज्ञानका सिद्धान्तहरू” लेखी कार्यगत सुझाव प्रस्तुत गरे । क्याटलले व्यक्तिगत भिन्नता र मस्तिष्क परीक्षणका बारेमा योगदान गरे । अल्फ्रेड बिनेले मानवको “व्यक्तिगत बौद्धिक माप” निर्माण गरे । ब्लुमले सिकाइ उद्देश्यहरूको वर्गीकरण (ट्याक्सोनोमी अफ अब्जेक्टिभ्स्) प्रस्तुत गरे । यस प्रकार सिकाइ सिद्धान्तहरूको क्षेत्रमा थुप्रै-थुप्रै सिद्धान्तहरू प्रतिपादन भई योगदान गरेको पाइन्छ । यस्ता योगदानहरूले विश्वभरि विभिन्न देशमा चलिरहेका पाठ्यक्रमहरूलाई सिद्धान्त अनुरूप मिलान गर्दै अघि बढाए । यसबाट के प्रमाणित हुन्छ भने पाठ्यक्रम विकासको सन्दर्भमा सिकाइका सिद्धान्त र सिकाइको प्रकृतिलाई आधारका रूपमा मान्नै पर्दछ (Krathwol and Bloom, शर्मा, २०७८, पृ. १३६ बाट उद्धृत) ।

शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सिकाइका सिद्धान्तलाई वैज्ञानिक रूपबाट विकसित गरी व्यावहारिक प्रयोगमा सफल बनाउन आज पनि थुप्रै-थुप्रै कामहरू भइरहेका छन् । मनोवैज्ञानिकहरूले विभिन्न प्राणीहरूको मस्तिष्क तथा व्यवहारको अध्ययन गरी सिकाइका सिद्धान्तहरूको निर्माण तथा बिस्तार गरे । यी सिद्धान्तहरू आज पनि उत्तिकै प्रभावकारी ढङ्गबाट लागु भइरहेका छन् । सिकाइका सिद्धान्तका रूपमा विकसित सिद्धान्तमा उत्तेजना र प्रतिक्रियाको सिद्धान्तहरू पर्दछन् । त्यसमा पनि सिकाइलाई सिक्न

क्रियाशील बनाउने तत्व पुनर्बल सहित र पुनर्बलबिना गरी दुई किसिमले उत्तेजना र प्रतिक्रियाका सिद्धान्तहरू विकसित गरिएका छन् । पुनर्बलबिनाको उत्तेजना प्रतिक्रिया सिद्धान्त अन्तर्गत प्याब्लवको शास्त्रीय सम्बन्धन सिकाइ सिद्धान्त, वाट्सनको सिकाइ सिद्धान्त र गुथ्रिको सिकाइ सिद्धान्त रहेका छन् भने पुनर्बल सहितका उत्तेजना प्रतिक्रिया सिद्धान्त अन्तर्गत स्किनरको कार्यपरक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त, इ.एल. थर्नडाइकको प्रयत्न र भुल सिकाइ सिद्धान्त, हड्सनको सिकाइ सिद्धान्त रहेका छन् । कक्षामा विद्यार्थी सामु उपस्थित हुने उद्दीपकसँग उनीहरूका उचित प्रतिक्रियाका बिचमा सम्बन्ध गाँसेर खास व्यवहार सिकाउन मद्दत पुऱ्याउनु यसको पाठ्यक्रमीय उपयोग हो । त्यसै गरी पुनर्बल सहितका उत्तेजनामा प्रतिक्रिया सिद्धान्तमा प्रतिक्रियालाई पुनर्बलद्वारा अभ्यस्त बनाउदै लगि व्यवहार निर्माण गराउनु सिकाइ हो । सिकारुद्वारा प्रदत्त सही प्रतिक्रियालाई पुनर्बल दिने उद्दीपकसँग सम्बन्धित गराएर, सिकाउने सिकाइलाई यसले जोड दिन्छ । यसबाट व्यवहार परिवर्तनका निम्ति पाठ्यक्रमका शिक्षण नमुनाहरू विकास गर्न सकिन्छ । यसै गरी ज्ञानात्मक सिद्धान्तहरूका रूपमा जेस्टाल्टको सिकाइ सिद्धान्त जसलाई अन्तर्दृष्टि सिकाइ सिद्धान्त भनेर पनि चिन्न सकिन्छ । त्यस्तै लेविसको क्षेत्र सिद्धान्त र टोल्मेनको सिकाइको साङ्केतिक सिद्धान्त जस्ता प्रमुख रहेका छन् । यी संज्ञानवादी सिद्धान्तले सिकारुले कुनै पनि व्यवहारहरू गर्नु भन्दा पहिले मस्तिष्कमा पैदा भएको विचारलाई उपयोग गरिन्छ र मात्र व्यवहार उत्पन्न हुन्छ । यसले सक्रिय मानसिक सिकाइलाई महत्त्व प्रदान गर्दछ ।

यस प्रकार सिकाइका सिद्धान्तहरूलाई व्यापक दृष्टिकोणबाट हेर्दा उत्तेजना प्रतिक्रिया सिद्धान्त र संज्ञानात्मक सिकाइ सिद्धान्त गरी दुई भागमा विभाजन गर्न सकिन्छ । यिनै सिकाइका सिद्धान्तका दुई दृष्टिकोणहरूलाई आधार मानेर अन्य संरचनावादी सिद्धान्तहरू पनि प्रकाश र व्यवहारमा आएका पाइन्छन् । सिकाइका यस्ता सिद्धान्तहरूले पाठ्यक्रम कस्तो हुनुपर्छ भनी मार्गनिर्देशन गरेका छन् । सिकाइका क्षेत्रमा तोकिएका विषयहरूमा पनि कसैले मानसिक विकासमा जोड दिने, कसैले क्रियात्मक पक्षमा जोड दिने, कसैले सामाजिक प्रक्रियामा त कसैले तार्किक क्षमतामा जोड दिने हुन्छन् । त्यसैले पाठ्यक्रम निर्माताले कुन विषयको कुन पाठ कुन सिकाइ सिद्धान्तका आधारमा निर्माण गरिएको हो । यसले विद्यार्थीलाई कुन तहको ज्ञान, सिप प्रदान गर्ने उद्देश्य राखेको छ, त्यस सिकाइमा के कस्ता पाठ्यवस्तुहरूको छनोट र संगठन गर्ने र त्यसलाई कार्यान्वयन गर्न कुन कुन विधि वा क्रियाकलापहरूको छनोट र संगठन तथा प्रयोग गरिन्छ भन्नका लागि पनि सम्पूर्ण सिद्धान्तहरूको विश्लेषण गर्नुपर्दछ ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य पाठ्यक्रम विकासमा सिकाइ सिद्धान्तको प्रभावको अवधारणात्मक विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा आधारित भएर गरिएको छ । पुस्तकालयीय अध्ययनका आधारमा सूचनाका सहायक स्रोतहरूलाई प्रयोग गरिएको छ । यस क्रममा विद्वान्हरूका पुस्तकहरू, लेख-

रचनाहरू, जर्नलहरू, दस्तावेजहरू, प्रकाशित/अप्रकाशित साहित्यहरू र सन्दर्भ ग्रन्थहरूलाई सूचना प्राप्तिको महत्वपूर्ण स्रोतका रूपमा लिइएको छ ।

नतिजाको विश्लेषण र व्याख्या अन्तर्गत सिकाइका संज्ञानात्मक सिद्धान्त वा संज्ञानवाद र सिकाइका व्यवहारवादी सिद्वान्त वा व्यवहारवादको परिचय र पाठ्यक्रमको मुख्य ढाँचाहरूमा ती सिद्धान्तको प्रभावसम्बन्धी पक्षहरूलाई समेटिएको छ ।

## अध्ययनको औचित्य

पाठ्यक्रम निर्माण तथा विकासका क्रममा शिक्षा क्षेत्रमा प्रतिपादित सबै सिद्धान्तहरूको विश्लेषण गर्नु आवश्यक मानिन्छ किनकि सिकाइका सिद्धान्तहरूले निर्देशित गरिएका क्रियाकलापहरूलाई आधार मानेर पाठ्यक्रमको निर्माण तथा विकास गरियो भने सिकारुले व्यक्तिगत र सामाजिक तथा व्यावहारिक समस्या समाधान गर्न सक्ने गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय जनशक्ति निर्माण गर्न सकिन्छ । यसका लागि पाठ्यक्रम निर्माता र प्रयोगकर्ता दुवै पक्ष त्यस्ता सिद्धान्तहरूका बारेमा विज्ञ हुन आवश्यक छ ।

ज्ञानको प्रकृति आफ्नै किसिमको हुन्छ र तिनीहरूलाई सिकाइका सिद्धान्तहरूले निर्देशित गर्दै/गराउँदै लैजान्छन् (शर्मा, २०७४, पृ. १३५) । एकातिर पाठ्यक्रम विकास तथा शिक्षण सिकाइ प्रक्रियामा विद्यार्थीलाई विषयगत रूपमा सतही ज्ञान दिने प्रवृत्ति बढदै गई योग्यताको प्रमाणपत्र लिने काम मात्र भएको देखिन्छ । उनीहरूमा चिन्तन, तर्क, विधागत अनुसन्धान मार्फत आफ्नो अन्तरनिहित ज्ञानबिच नयाँ सम्बन्धको स्थापना गरी मानसिक संगठन वा ज्ञानको विकास गर्न कमजोर रहँदै गएको अवस्थाले गर्दा गहिरो र तार्किक रूपमा ज्ञानलाई सङ्गठित गरेर मौलिक तथा सैद्धान्तिक रूपमा प्रस्तुतीकरण गर्न नसक्नुबाट प्रस्ट हुन्छ । अर्कोतिर विद्यार्थीको मनोविज्ञानका आधारमा व्यापक विषयवस्तु तथा सिकाइ उत्तेजनाका वातावरणलाई समेटी त्यससँग समुचित हुने गरीका प्रतिक्रिया वा विधिहरूबिच सम्बन्ध कायम गरी प्रत्यक्ष अनुभवद्वारा नयाँ अवलोकनयोग्य व्यवहारको विकास गर्न नसकेको अवस्थाले गर्दा उनीहरूले आफ्ना व्यक्तिगत तथा सामाजिक जीवनका व्यावहारिक समस्याहरू समाधान गर्न नसक्नुका कैयौं उदाहरणहरूलाई लिन सकिन्छ । त्यसै गरी कक्षाकोठामा शिक्षण सिकाइका सिद्धान्तहरूलाई शैक्षिक मुद्दाको रूपमा जोड दिदै आएको पाइन्छ । यसरी पाठ्यक्रमको निर्माण र त्यसको प्रयोगको सन्दर्भमा देखिएको उपर्युक्त कमजोरी वा समस्यालाई हल गर्दै जानका लागि प्राज्ञिक तथा जीवनोपयोगी पाठ्यक्रमको निर्माण तथा विकास गर्नका लागि सिकाइ सिद्धान्तहरूको विश्लेषण गरी तादात्म्य मिलाउन सहयोग पुऱ्याउन यो औचित्यपूर्ण हुन जान्छ ।

## सैद्धान्तिक आधार

अमेरिका र जर्मनीमा परम्परावादी र व्यवहारवादी मनोवैज्ञानिकहरूको विचारको विरुद्धमा प्रतिपादित विचारको एक समूह वा विद्यालय जेस्टाल्ट मनोविज्ञान हो । जेस्टाल्टको शाब्दिक अर्थ समग्रतामा प्रत्यक्षीकरण वा पूर्ण संगठित भन्ने हुन्छ । यसैको उपजको रूपमा संज्ञानात्मक सिकाइ सिद्धान्त लाई लिइन्छ । त्यसैले यस सिद्धान्तलाई जेस्टल सिद्धान्त पनि भनिन्छ । यस सिद्धान्तले सिकाइलाई पूर्ण

प्रत्यक्षीकरणको प्रक्रियाका रूपमा प्रस्तुत गर्दछ । जेस्टाल्टवादी Wertheimer भन्छन् "The whole is not more than the collection of parts" (जबरा, २०७४, पृ. ३९ मा उद्धृत्) । यस सिद्धान्तले व्यक्ति (प्राणी) को सोचाइ, क्षमता, ज्ञान र सूक्ष्म दृष्टिकोणमा सिकाइ निर्भर भएको मान्छ । प्रत्यक्षीकरणलाई सिकाइको प्रमुख माध्यम मानिएको छ । जेस्टाल्टवादी भन्छन्- जव हाम्रो अगाडि कुनै समस्या आउँछ, हामी समस्याको समग्रतालाई अर्थपूर्ण रूपले प्रत्यक्षीकरण गर्दछौं, समस्याको उपाय एक्कासि हाम्रो अगाडि आउँछ । यसरी हाम्रो प्रत्यक्षीकरणमा आएको तीव्र परिवर्तनलाई अन्तरदृष्टि भनिन्छ । यही अन्तरदृष्टिबाट सिकाइ हुन्छ (शर्मा तथा शर्मा, २०७४, पृ. ७३) । त्यसैले यसलाई उल्फग्याङ कोलरले अन्तरदृष्टिको सिद्धान्तको नाम दिएका छन् । अन्तरदृष्टि भनेको मनमा आएको विभिन्न कुराहरू वा दिमागमा खेलेका विभिन्न विचारहरू वा ज्ञानको आधारमा देखिने विभिन्न तर्कहरू हुन् । यस्ता कुराहरू समस्याको स्वरूप र त्यस स्वरूपको प्रत्यक्षीकरणका आधारमा हुने गर्दछन् भन्ने यस सिद्धान्तको मुख्य आशय हो (पूर्ववत्, पृ. ७३) । अन्तरदृष्टि सिकाइले मुख्य गरी तर्कको माध्यमबाट निष्कर्ष निकाल्ने, निर्णय गर्ने कार्य मार्फत समस्याको समाधान गर्दछ । यसवाट समग्र समस्याको विविध पक्षको बुझाइको सम्बन्ध मार्फत सिकारुले आकस्मिक रूपबाट समस्याको समाधान गर्दछ । यसबाट सिकारुहरूको आफ्नै मौलिक ढङ्गबाट सिकाइ हासिल हुने गर्दछ । यस्तो सिकाइ बाह्य रूपबाट नभई आन्तरिक रूपबाट प्राप्त हुन्छ । यस सिकाइ सिद्धान्तलाई "ह्वाइट बक्स सिद्धान्त" पनि भनिन्छ ।

कोलरको विचारमा व्यक्ति वा सिकारुलाई मानसिक रूपमा सक्रिय नगराएसम्म सिकाइ सम्भव हुँदैन । सिकाइ उच्च मानसिक प्रक्रिया भएकोले सिकारुमा समग्र वस्तुस्थितिका बारेमा बुझ्ने, चिन्तन गर्ने, अवलोकन गर्ने र प्रत्यक्षीकरणका माध्यमबाट मात्रै सम्भव छ । विकसित उच्चतहको सिकाइ हासिल गर्न यो उपयोगी छ ।

जेस्टाल्टवादीका अनुसार सिकारुले कुनै पनि समस्याको समाधान गर्दा आफ्नो अनुभव, ज्ञान, बुद्धि तथा क्षमताका आधारमा समस्याको पहिचान, विश्लेषण र निर्णयमा पुग्नु नै प्रत्यक्षीकरण हो । प्रत्यक्षीकरणको माध्यमबाट मात्र सिकेको सिकाइ पूर्ण र स्थायी हुन्छ । व्यक्तिले समस्याको प्रत्यक्षीकरण गर्न सकेन भने सिकाइ हुँदैन ।

## नतिजाको विश्लेषण

सिकाइका दुई प्रमुख सिद्धान्तहरू संज्ञानवाद र व्यवहारवादको अध्ययनबाट प्राप्त तथ्यगत नतिजाहरूले क्रमशः पाठ्यक्रमको विषयकेन्द्रित र सिकारुकेन्द्रित ढाँचाहरूको पाठ्यक्रम विकासमा के कस्तो प्रभाव पार्छ भनी यहाँ अवधारणात्मक रूपमा विश्लेषण गरिएको छ ।

### संज्ञानात्मक सिकाइ सिद्धान्त (संज्ञानवाद)

सिकाइको यो संज्ञानात्मक सिद्धान्त वा दृष्टिकोण व्यवहारवादका विरुद्धमा देखिएको ज्ञानप्रतिको सैद्धान्तिक वा विषयगत दृष्टिकोण हो जसमा मानव मस्तिष्कमा कल्पना गर्ने, सम्झने, चिन्तन गर्ने, स्मरण गर्ने, तर्क गर्ने र समस्या समाधानको प्रक्रियामा संलग्न हुने गर्दछ । संज्ञानवाद मानसिक संरचनासँग

जोडिएर सूचना प्रशोधन प्रक्रियासँग सम्बन्धित हुन्छ । मानसिक संरचनाको मुद्दा सैद्धान्तिक हो । यस संज्ञानात्मक सिद्धान्त अनुसार बोध तथा प्रत्यक्षीकरण मार्फत पूर्वज्ञानहरूबिच नयाँ सम्बन्धको खोजी गरेर सिकाइ हासिल हुन्छ भन्ने कुरामा विश्वास गरिन्छ । सिकाइ मानिसको अन्तरनिहित तथा प्राकृतिक व्यवहार बिचको सम्बन्धद्वारा नयाँ ज्ञानको सिकाइ प्रक्रिया हो जुन चिन्तन तर्कद्वारा विकास भएको हुन्छ (जवरा, २०७४, पृ. ३८) । तसर्थ यसले सिकाइलाई मानसिक संरचनाको पुनः संगठन तथा परिवर्तन प्राप्तिका रूपमा हेर्छ जसद्वारा व्यक्तिले ज्ञानेन्द्रीयहरूमार्फत प्राप्त सूचनाको प्रशोधीकरण र सञ्चय गर्ने कार्य गर्दछ । अतः सिकाइ व्यक्तिको मानसिक संरचना र पूर्व प्रत्यक्षीकरणको संगठनमा हुने परिवर्तन हो ।

यस सिद्धान्त अनुसार चिन्तन प्रक्रिया, बौद्धिक योग्यता र सिपको विकास गर्न मानसिक/बौद्धिक क्रियाकलापको अभ्यासद्वारा विभिन्न तथ्य, घटना र वस्तुका बारेमा जानकारी दिने क्षेत्रसँग सम्बन्धित रहन्छ । मानसिक चिन्तन र तर्क, ज्ञानको पहिचान र प्रत्याह्वान, ज्ञान वा बोधसँग सम्बन्धित पक्षलाई जोड दिइन्छ (भट्टराई, २०७४, पृ. ४४) । संज्ञानात्मक सिकाइले सिद्धान्तवादी सिकाइलाई ज्ञानात्मक प्रक्रिया मान्दछ । यस सिद्धान्तले सक्रिय मानसिक सिकाइलाई महत्व प्रदान गर्दछ । परिस्थितिसँग मानसिक सम्बन्ध स्थापना हुन सकेमा मात्र सिकाइ हुन्छ तसर्थ सिकाइ उच्चस्तरीय मानसिक प्रक्रिया हो । मानिसमा भएको संज्ञानात्मक योग्यता अनुसार बौद्धिकता प्रदर्शन हुन्छ । संज्ञानवादी सिकाइ सिद्धान्तहरूले संज्ञानात्मक विकासमा जोड दिन्छन् । संज्ञानले ज्ञान बोध, त्यसको प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन जस्ता सबै खाले बौद्धिक सिप र योग्यता बुझाउँछ । यिनै योग्यताहरूको उपयोग गरेर सिकाइ वातावरणको पुरै अवलोकन एवम् प्रत्यक्षीकरण (अनुभव) गरेर आफ्नो मानसिक क्रियाहरूको गठन र पुनः संगठनद्वारा सिकाइ कार्य हुन्छ । त्यस कारण सिकाइ ज्ञानात्मक क्षमतामा भर पर्छ र बुझाइ शक्ति बिना बुझाइ कार्य हुँदैन ( जि.सी., २०७८, पृ. १४६) ।

यस सिद्धान्तले चिन्तन प्रक्रियाको विकास, धारणाको विकास, बाह्य विश्वलाई हेर्ने क्षमताको विकास जस्ता बहुउद्देश्यलाई समेट्छ । शिक्षणको उद्देश्य जहिले पनि विद्यार्थीलाई स्वतन्त्र र आफैं मानसिक प्रक्रियाबाट सिक्ने कुरामा केन्द्रित हुनुपर्छ । शिक्षककेन्द्रित शिक्षण विधिहरू, औपचारिक विधिहरूको माध्यमबाट शिक्षण गरिनु पर्ने कुरामा जोड दिइन्छ । सिकाइलाई जहिले पनि समस्या समाधानको मानसिक क्रियाकलाप मार्फत परियोजना कार्य, खोज कार्य, अन्वेषणात्मक कार्य इत्यादिमा संलग्न गराउनु पर्नेमा जोड दिइन्छ । यसले शिक्षण सिकाइमा अन्तर प्रक्षेपण विधिलाई प्रयोग गरिनुपर्ने मान्यता राख्दछ । शिक्षण सिकाइलाई प्रभाव पार्ने रणनीतिहरूमा स्मरण गर्ने, घोक्ने, अभ्यास तथा पुनः अभ्यास आदि पर्दछ । अतः संज्ञानवाद अनुसार शिक्षण सिकाइ व्यक्तिको जैविक क्षमता र भौतिक वातावरण बिच हुने अन्तरक्रियाको नतिजा हो जसमा प्रत्यक्षीकरण अन्तरदृष्टि बुझाइ आदि जस्ता पक्षको महत्वपूर्ण भूमिका रहन्छ ।

### *संज्ञानात्मक सिकाइ सिद्धान्तको पाठ्यक्रममा प्रभाव*

पाठ्यक्रमलाई संज्ञानात्मक प्रक्रियाका रूपमा पनि अर्थ्याउन सकिन्छ । पाठ्यक्रमको यस अवधारणाले व्यक्तिलाई उसको संज्ञानात्मक विकासको अवस्था पहिचान गरेर सिकाउनु पर्छ भन्ने

कुरामा जोड दिन्छ । त्यसमा पनि विषयकेन्द्रित ढाँचाको पाठ्यक्रमलाई संज्ञानात्मक सिकाइ सिद्धान्तका आधारमा निर्माण तथा विकास गरिएको पाइन्छ । यस ढाँचाले सिकारुको विषयगत ज्ञानात्मक निपुणतामा जोड दिई मानसिक क्षमता बलियो बनाउने र विस्तृत ज्ञानको क्षमता विकसित गर्ने लक्ष राखेको हुन्छ । विषयकेन्द्रित पाठ्यक्रमको ढाँचाले ज्ञानको व्यवहारिक पक्षको सट्टा सैद्धान्तिक पक्षमा जोड दिएको पाइन्छ किनकि यो निरङ्कुश प्रकृतिको भई शिक्षककेन्द्रित भएर यसको प्रयोग गरिन्छ । यस्तो पाठ्यक्रमलाई कक्षाकोठाभित्र विभिन्न विषयहरूमा ज्ञान प्रदान गर्ने साधनका रूपमा मात्र लिइएको पाइन्छ जुन परम्परावादी धारणा अनुसार छ । चेतना कार्यबाट विषयगत ज्ञानहरू हासिल गरिन्छ । यो पाठ्यक्रम पूर्णरूपमा संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित रहेको हुँदा यसले शिक्षण सिकाइका उद्देश्यहरूको निर्धारण गर्दा ज्ञान, बोध प्रयोग, विश्लेषण, संश्लेषण, मूल्याङ्कन जस्ता बौद्धिक सिप र योग्यताका चरणहरूलाई आफैँ मानसिक क्षमताको विकासमा जोड दिएको हुन्छ । यस पाठ्यक्रम ढाँचा अन्तर्गत रहेका विभिन्न विषय केन्द्रित पाठ्यक्रमहरू जस्तो विषयगत, विधागत व्यापक क्षेत्र एकीकृत विषयहरू सहसम्बन्धका विषयहरू आदिको पनि प्राज्ञिक विकासका निम्ति जोडिएका कमीकमजोरीहरू हटाउदै ज्ञानको प्रभाव स्वरूप एक पछि अर्को परिस्कृत रूपमा  देखा परेका विषयकेन्द्रित पाठ्यक्रम हुन् (शर्मा तथा शर्मा, २०७४, पृ. ५५) । यस ढाँचामा पाठ्यक्रम निर्माण तथा विकासको योजना बनाउँदा सिकारुको प्राकृतिक विकासात्मक चरणहरूका आधारमा तार्किक क्रम र क्षेत्र अनुसार संगठित गरिएका विषयवस्तुहरूसँग अन्तरक्रिया गराएर सिकाइ गर्ने कुरामा ध्यान दिनु संज्ञानात्मक प्रभाव मानिन्छ । सिकाइने कुरालाई पूर्णताको रूपमा मानी पाठ्यवस्तुलाई पूर्णबाट अंशको रूपमा हेरिन्छ । सिकाइ कार्यमा परिवेश र त्यसका विभिन्न पक्षहरू बिचको सम्बन्धलाई पूर्ण रूपमा बुझ्ने प्रक्रियालाई जोड दिने गरिन्छ । विषयवस्तुको सम्बन्धमा शिक्षाविद् ब्रुनरको भनाइ छ- “विषयवस्तुको ढाँचा भनेको सिद्धान्त हो, विषयसूचीको संगठन हो, विषयवस्तु खोज विधिको आधारमा निर्धारित विद्या हो” (जवरा, २०७४, पृ. ५६ मा उद्धृत) । यसरी विषयवस्तुलाई विषयगत वा तार्किक संगठित संरचनाको रूपमा परिभाषित गरिएको पाइन्छ । यस ढाँचाको पाठ्यक्रममा त्यस्ता सिकाइका समस्यामूलक परिस्थिति वा विषयवस्तुलाई समावेश गर्न जोड दिइन्छ जसमा विद्यार्थीको उत्प्रेरणालाई प्रोत्साहित गरी योजनाबद्ध तवरमा तर्क र चिन्तनमार्फत यी समस्याको समाधान गरेर ज्ञानको निर्माण तथा विकास गर्न सकोस् । विषयगत पाठ्यक्रमलाई प्राचीन उदाहरणका रूपमा प्लेटोद्वारा प्रस्तावित 3R (Reading, Writing and Arithmetic) र यस बाहेक मध्ययुगमा देखा परेको Seven Liberal Arts अन्तर्गत Grammar, Logic, Rhetoric (Trivium), Arithmetic, Astronomy, Geometry, Music/Harmonics (Quadrivium) जस्ता सैद्धान्तिक रूपमा स्वतन्त्र विषयहरूलाई जोड दिएको पाइन्छ (जवरा, २०७४, पृ. १०५) ।

संज्ञानात्मक सिकाइ ढाँचाका विषयहरूको शिक्षण गर्दा शिक्षककेन्द्रित शिक्षण विधिमा आधारित औपचारिक विधिको माध्यमबाट सिकाइने कुरामा जोड दिन्छ । सिकाइलाई प्रभावकारी पार्ने शिक्षण रणनीतिहरूमा स्मरण गर्ने, घोक्ने, चिन्तन गर्ने, वादविवाद, अभ्यास वा पुनः अभ्यास जस्ता विधिहरूको प्रयोगमा जोड दिइन्छ । विषयगत ज्ञान वा सिकाइलाई मानसिक प्रशिक्षण तथा सूचना प्रशोधन प्रक्रियाद्वारा प्राप्त गर्न सकिन्छ  । यस ढाँचाको शिक्षण सिकाइमा पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा अन्य

सहायक सामग्रीहरूको प्रयोग गरिन्छ । यस ढाँचाको पाठ्यक्रममा लिखित, मौखिक र निर्णयात्मक मूल्याङ्कनका साधनहरूमा जोड दिइएको हुन्छ । अतः विषयकेन्द्रित पाठ्यक्रममा रहेको विषयवस्तु, उद्देश्य तथा विधिहरूमा विद्यार्थीहरू चिन्तन, तर्क र समस्या समाधानको प्रक्रियामा संलग्न हुन्छन् जसबाट उनीहरूको मानसिक संगठन (ज्ञान) निर्माण वा मानसिक संरचनामा परिवर्तन हुँदै जान्छ जुन कुरामा संज्ञानात्मक सिकाइ सिद्धान्तको प्रत्यक्ष प्रभाव रहने गर्दछ ।

### *व्यवहारवादी सिकाइ सिद्धान्त (व्यवहारवाद)*

व्यवहारवादी सिकाइ सिद्धान्त मनोविज्ञानका क्षेत्रमा सर्वप्रथम अमेरिकी प्रख्यात मनोवैज्ञानिक जोन वाट्सनले भित्र्याएका थिए । उनले मानव व्यवहारलाई यान्त्रिक कार्यसँग तुलना गरेका छन् । उनका अनुसार मानिस जैविक यन्त्र हो जसले चेतनपूर्ण कार्य गर्नुको सट्टा सिकाइको वातावरणीय वस्तु (उद्दीपक) का लागि स्वचालित प्रतिक्रिया प्रदर्शन गर्दछ तसर्थ व्यक्ति भन्दा वातावरण उसको प्रतिक्रिया (सिकाइ) का लागि जिम्मेवार हुन्छ । व्यवहारवादीहरू उद्दीपक र प्रतिक्रियाको सम्बन्ध कायम भएर हुने सिकाइलाई जोड दिन्छन् त्यसैले व्यवहारवादलाई उद्दीपक-प्रतिक्रिया सहचार्य सिद्धान्त पनि भनिन्छ । यो सिद्धान्त अनुसार प्राणीले आफ्नो वातावरणमा रहेका उद्दीपक (उत्तेजना) प्रति विशिष्ट प्रतिक्रिया प्रदर्शन गरेर तथा यी दुईबिच सम्बन्ध स्थापना गरेर सिक्दछ । व्यवहारवादीहरू सिकाइलाई बानी निर्माणका रूपमा लिन्छन् । उनीहरूका अनुसार सिकाइ वंशानुगत कारणबाट नभई वातावरणीय कारणबाट हुने बताउँछन् । यस सन्दर्भमा जोन वाट्सनले भनेका थिए- “मलाई एक दर्जन स्वस्थ शिशु देऊ, म तिनको वंशाणुक्रमलाई ध्यान नदिई तिनीहरूलाई एउटा डाक्टर, वकिल, प्राविधिक, चोर, डाँका आदि बनाउन सक्छु ।” उद्दीपकप्रति जबरजस्ती प्रतिक्रिया गरेर सिकिने सीमित पक्षमा सिकाइलाई लिइएको हुनाले व्यवहारवादी सिद्धान्तलाई “ब्ल्याक बक्स सिद्धान्त” भनेर आलोचना गरिएको छ (जि.सि., २०७८, पृ. १३३) ।

व्यवहारवाद अनुभववादी ज्ञानशास्त्रको प्रयोग हो । यो सिकाइ प्रक्रियाप्रतिको एक प्राकृतिक तथा वस्तुगत दृष्टिकोण हो । व्यवहारवादले वस्तु र जगत्लाई सत्य मानी ज्ञान प्राप्तिको साधनको रूपमा ज्ञानेन्द्रियलाई महत्व दिन्छ । यसले सिकाइलाई भौतिक जगत्को प्रत्यक्ष अनुभव माथि जोड दिने भएकोले यसको पाठ्यक्रम भौतिक जगत्को अनुभव प्रधान हुन्छन् । यस सिद्धान्तको दृष्टिकोण अनुसार सिकारु एक ग्रहणकर्ता भएकोले उसलाई पर्याप्त भौतिक अनुभवहरू प्रदान गरी उसको ज्ञानलाई विकास गर्न सकिन्छ ( जबरा, २०७४, पृ. ३८) । तसर्थ सिकाइ उद्दीपक र प्रतिक्रियाका निकटता र सम्बन्धको अभ्यासको प्रतिफल हो । यस सिद्धान्तले सिकाइ प्रक्रियालाई अवलोकनयोग्य बाह्य व्यवहारको परिवर्तनको रूपमा व्याख्या गर्दछ । यसले सिकाइलाई मानसिक प्रक्रियाको सट्टा पुरानो व्यवहारको परिमार्जन तथा नयाँ व्यवहारको विकास प्रक्रियाका रूपमा हेर्दछ ।

यस सिद्धान्तले सिकाइका लागि शरीरका अंग प्रत्यङ्ग, विभिन्न प्रणालीहरू बिचको समन्वय र शक्ति, गति र समयावधिको आवश्यकता पर्दछ भन्ने कुरा स्विकार्छ । यस अनुसार सिकाइलाई मानसिक तथा शारीरिक क्रियाद्वारा विभिन्न किसिमका कार्यहरू गर्ने क्षमता वा सिपको वृद्धि तथा विकासको प्रक्रियालाई जनाउँछ । यसमा सिकाइको सम्बन्ध स्नायु, हात, खुट्टा र जिउसँग हुन्छ । यसका मुख्य

विषयवस्तु शारीरिक र क्रियात्मक सिप नै हुन् । यसले ज्ञानेन्द्रियमार्फत अन्तरक्रिया हुने अन्य ऊर्जा प्रणालीको प्रक्रियासँग सन्तुलनको प्रयास गरिएको हुन्छ । यसले सिकाइ प्रक्रियालाई क्रियाकलापमुखी वा अनुभवजन्य रूपमा जोड दिने हुनाले पाठ्यक्रमलाई अनुभवहरूको सङ्गालो मान्दछ र त्यसमा विभिन्न विषयवस्तुको ढकाइलाई बढी महत्त्व दिइन्छ । सिकाइ उत्प्रेरणा, सम्बन्ध प्रत्यावर्तन, प्रयत्न र भुलबाट हुन्छ । यस सन्दर्भमा एगेन र कौचक सोवेल (१९९६ ई.) को भनाइ उल्लेखनीय हुन आउँछ- "सिकाइले अनुभवको परिणाम स्वरूप देख्न सकिने व्यवहारमा दिगो परिवर्तनलाई जनाउँछ" (श्रेष्ठ, २०७४, पृ. ३१) ।

### *व्यवहारवादी सिकाइ सिद्धान्तको पाठ्यक्रममा प्रभाव*

व्यवहारवादी सिकाइ सिद्धान्त अनुसार बालकेन्द्रित पाठ्यक्रम निर्माण गरेको पाउन सकिन्छ । यस्तो पाठ्यक्रम अनुभव तथा क्रियाकलापकेन्द्रित हुन्छ । विद्यार्थीहरूलाई आफैँ भौतिक र सामाजिक आवश्यकता पूरा गर्न तथा समस्याहरू समाधान गर्न क्रियाकलापहरूमा सक्रिय सहभागिता गराई ठिक सिकाइ अनुभव प्राप्त गर्ने उद्देश्यले संगठित गरिएको पाठ्यक्रम नै सिकारु वा बालकेन्द्रित पाठ्यक्रम हो । यस पाठ्यक्रमको उद्देश्य सिकारुको शारीरिक, मानसिक तथा सृजनात्मक र समस्या समाधान गर्ने क्षमताको विकास गराउनु हुन्छ । यसका लागि सिकाइका विषयवस्तु वा सिकाइका हुनुपर्ने कार्य, सिकारुको क्षमता, आवश्यकता, रुचि, क्रियाकलाप, सहभागिता, उद्देश्य र अनुभवमा आधारित हुनुपर्दछ । व्यवहारवाद अनुसार सिकारुको आन्तरिक क्षमताको विकासमा सहयोग पुग्ने पाठ्यक्रम राखी जीवनयापनका लागि सहयोग पुऱ्याउने व्यवहारिक विषयहरू, वस्तु तथा जगत्को अध्ययन र अवलोकनसम्बन्धी विषयहरू शारीरिक र अनुभवको विकास गर्ने विषयहरू इन्द्रियहरूको माध्यमबाट सिक्ने विषयवस्तु पाठ्यक्रमा समावेश गर्नु पर्दछ । व्यवहारवादीहरूले बालकेन्द्रित शिक्षण विधिमा जोड दिने हुनाले पाठमा बालकको रुचिलाई केन्द्रित बनाउन उपयुक्त प्रेरणा र शैक्षिक सामग्रीको प्रभावकारी प्रयोग गर्नु पर्दछ । बालकलाई स्वानुभवबाट सिक्न सक्ने शिक्षण सिकाइको प्रक्रिया अपनाउनु पर्छ । अवलोकन, प्रयोग, खोज एवम् अनुसन्धान विधिमा जोड दिनु पर्छ । शिक्षण गरी प्रत्येक अंग वा कार्यमा दक्ष बनाउनका लागि सो कार्यको अभ्यास गराइन्छ जुन कार्यमा पूर्णरूपमा दक्ष नभएसम्म अभ्यासलाई निरन्तरता दिइन्छ । सही कार्य वा प्रतिक्रिया गरे लगतै पुनर्बल स्वरूप पुरस्कृत गरिन्छ । त्यस्तै अपेक्षित व्यवहारलाई आधार मानी प्राप्त गरिनु पर्ने सक्षमताको तह निर्धारण गरी सो कार्यको प्रत्येक भाग एवम् कार्यमा सिकारुले कतिसम्म दक्षता प्राप्त गरे त्यसका आधारमा मूल्याङ्कन गरिन्छ । आवश्यक सिपहरू सिक्न नसकेकोमा पुन: शिक्षण गरिन्छ ।

विद्यालयको सिकाइ प्रक्रियामा व्यवहारवादी सिकाइ सिद्धान्तको प्रभावसम्बन्धी एउटा अन्तर्राष्ट्रिय अनुसन्धानात्मक लेखको निष्कर्षलाई पुनरावलोकन गर्न सान्दर्भिक ठानी सोको निष्कर्ष उल्लेख गरिएको छ जस अनुसार व्यवहारवादी सिकाइ सिद्धान्तले उत्तेजना र प्रतिक्रिया बिचको अन्तरक्रियाको परिणामस्वरूप व्यवहारमा आउने एउटा स्थान्तरणलाई सिकाइको रूपमा व्याख्या गर्दछ जसमा पुरस्कारद्वारा सिकाइलाई बढवा गर्ने काम गरिन्छ । यस सिद्धान्तले सिकाइलाई मानसिक क्रियाकलापसम्बन्धी सवाललाई नकार्दै बरु सिकाइ उत्तेजक र प्रतिक्रिया बिचमा उत्पन्न हुने गर्दछ । यस सिद्धान्तले विद्यार्थीको सिकाइलाई मेसिनसँग तुलना गर्दछ । यान्त्रिक सिकाइ दृष्टिकोणले ज्ञानलाई केही निश्चित र वस्तुगत रूपमा हेर्दछ । सिकाइ

क्रियाकलापमा शिक्षकभन्दा विद्यार्थी पुरै सक्रिय रहनुपर्ने हुन्छ तसर्थ पाठ्यक्रमको ढाँचा निर्माण गर्दा सबै विद्यार्थीहरूको इच्छा, सिप, सिकाइ प्राथमिकता तथा अन्य विविधतालाई ध्यान दिई विद्यार्थीकेन्द्रित हुने गरीको पाठ्यक्रमको ढाँचा प्रयोग गर्नु पर्दछ । तथापि यस्तो सिकाइ पूर्ण हुन सक्दैन जसलाई केही सामग्रीहरू र परिस्थितिले प्रभाव पारिरहेका हुन्छन्, जस्तैः तत्कालीन आवश्यकता, भूमिका, नमुना, पुनर्बलन, आदिलाई खुसी र पुरस्कारको रूपमा लिइने गरिन्छ भने केही परिस्थितिमा दण्डको परिणामको रूपमा पनि लिने गरिन्छ (Yasra & Erianjoshi, 2023, p. 87) ।

## निष्कर्ष

शिक्षा मनोविज्ञानसँग सम्बन्धित सिकाइ सिद्धान्तहरूले पनि पाठ्यक्रम योजना र विकासमा ठुलो प्रभाव पारेका हुन्छन् । यसबाट पाठ्यक्रम, सिकारु र सिकाइ प्रक्रिया बिचमा उचित सम्बन्ध स्थापना गर्न मदत मिल्दछ । सिकाइका सिद्धान्तहरूले पाठ्यक्रमको उद्देश्य लगायत अन्य सम्पूर्ण तत्त्वहरूको सुनिश्चतता गर्न सजिलो हुन्छ । पाठ्यक्रम सिकाइको लागि एक योजना भएकोले यसको मुख्य उद्देश्य पनि सिकारुको व्यवहारमा सुधार एवम् परिमार्जन ल्याउनु हो । मानिस र व्यवहारको धारणामा आधारित भएर विकसित भएका विभिन्न सिद्धान्तहरूको प्रवृत्तिलाई समूहगत रूपमा वर्गीकरण गर्दा मानव सिकाइको व्यवहार प्रति हेर्ने दुईवटा महत्वपूर्ण दृष्टिकोणहरू संज्ञानवाद र व्यवहारवादको रूपमा देखिन्छ ।

मानिसमा भएको सबैखाले बौद्धिक सिप र योग्यताहरूको उपयोग गरेर सिकाइ वातावरणको पूरै अवलोकन एवम् प्रत्यक्षीकरणबाट संज्ञानात्मक विकास हुन्छ भनेर विश्वास राख्ने मनोवैज्ञानिक सिकाइ सिद्धान्तको धार संज्ञानवाद हो । यस वादले सिकाइलाई तर्क र मानसिक चिन्तनको उपज मानेको हुँदा विषयकेन्द्रित पाठ्यक्रमको ढाँचाको विकास गर्दा पनि संज्ञानात्मक सिकाइ सिद्धान्तको मुख्य प्रभाव परेको पाइन्छ । यस ढाँचाको पाठ्यक्रममा विषयवस्तुको गहिरो ज्ञानसँगै तार्किक क्रममा विषयगत स्वरूपका ज्ञानलाई संगठित गरी त्यसको सिकाइ कार्य गरिन्छ । यसका लागि सैद्धान्तिक, बौद्धिक एवम् मौखिक क्रियाकलापलाई ज्यादै महत्त्व दिइन्छ । सिकारुको मनोविज्ञानका आधारमा प्रत्यक्षीकरणलाई जोड दिँदै उनीहरूको व्यावहारिक तथा सामाजिक आवश्यकतालाई पूरा गर्न सर्वाङ्गीण गुणहरूको विकास गर्ने गरीको विषयवस्तुकेन्द्रित पाठ्यक्रम ढाँचाको विकास गर्नु आवश्यक देखिन आएको छ ।

मानव सिकाइको बाह्य र अवलोकनीय पक्षमा केन्द्रित रही व्यवहारहरूको वस्तुगत अध्ययनमा जोड दिने मनोविज्ञानको क्षेत्र नै व्यवहारवाद हो । यसले उपयुक्त उद्दीपकसँग इच्छा गरिएको प्रतिक्रियाको संयोजनलाई अभिवृद्धि गर्नु सिकाइ मानेको छ । यसमा व्यक्तिले अनुभवद्वारा सिकाइ प्राप्त गरी बानी निर्माण गर्नुपर्ने कुरामा जोड दिइएको छ । व्यवहारवादी सिकाइ सिद्धान्तले पाठ्यक्रमलाई अनुभवहरूको संगालो मानेको हुँदा यसको प्रभाव विद्यार्थीकेन्द्रित पाठ्यक्रमको ढाँचामा परेको पाइन्छ । यस ढाँचाको पाठ्यक्रमले विद्यार्थीको इच्छा आवश्यकता र अनुभवको आधारमा विभिन्न क्रियाकलापहरू गरी अनुभवद्वारा व्यवहारमा आउने परिवर्तनलाई सिकाइ मान्दछ । यस ढाँचाले एकीकृत रूपमा विषयवस्तु प्रदान गर्नका लागि विषयवस्तुको ढकाइलाई बढी महत्व दिएको पाइन्छ । यस्तो पाठ्यक्रममा विद्यार्थीले इच्छाएका शैक्षिक

सामग्रीहरूको आधारमा समस्या समाधान विधि प्रयोग गरी शिक्षण गराइन्छ । यस ढाँचामा प्राप्त अनुभवलाई समाजका लागि उपयोग हुने गरीको व्यवहारमा परिमार्जन गर्नुपर्ने हुन्छ भने मानसिक क्षमताको विकास गराइने खालको ज्ञानको संगठित विकासमा पनि ध्यान दिनु पर्दछ । यसका लागि बाह्य व्यवहार तथा क्रियात्मक सिप सिकाइका निम्ति शारीरिक अभ्यासमा पोख्त बनाउनु पर्छ भने बौद्धिक तथा ज्ञानात्मक सिकाइका लागि मानसिक अभ्यासमा सरिक गराउनु पर्छ । बालबालिकाहरूको विकासात्मक तह अनुसार यस्ता अभ्यासहरूमा सहभागी गराउन सक्नु पर्छ ।

## सन्दर्भ सूची

जवरा, स्वयंप्रकाश (२०७४), *पाठ्यक्रम तथा मूल्याङ्कन,* पिनाकल पब्लिकेशन प्रा.लि. ।

जि सी, कृष्णबहादुर (२०७८), *पाठ्यक्रमका आधारहरू,* जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

भट्टराई, होमनाथ, र धामी, केशव सिंह (२०७४), *पाठ्यक्रम र मूल्याङ्कन,* रत्न पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी, र शर्मा, निर्मला (२०७२), *पाठ्यक्रम योजना र अभ्यास,* एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जीवी, र शर्मा, निर्मला (२०६७), *शिक्षा मनोविज्ञान,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

श्रेष्ठ, चन्द्रबहादुर, र रञ्जितकार, किरणराम (२०७४), *पाठ्यक्रम र मूल्याङ्कन,* भुँडीपुराण प्रकाशन ।

Yusra, A., & Erianjohi, N.S. (2023). *A review of Behaviouristic learning Theory and its impact on learning process in school*, *87*. ijeds.ppj.unp.ac.id view.

Krathwon, D. R., Benjamin, S. B., & Bertram, B. M. (1964). *Taxonamy of educational objectives*. Devid McKay Company Inc.